# गंगादेव गाउँपालिका

## गाउँ कार्य पालिकाको कार्यालय

## सानडाँडा रोल्पा

### बार्षिक खरिद प्रतिवेदन

गंगावेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पाको आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम तथा खरिद योजनानुसार कार्यालय प्रयोजनका लागि आवश्यक भएका विभिन्न खर्च भएर जाने तथा खर्च भएर नजाने कम्प्युटर मेसनरी तथा इलेक्ट्रोनिकस सामाग्री, स्टेशनरी मसलन्द छपाई, फर्निचर, मेडिकल उपकरण तथा औषधीहरु, कृषी विउविजन तथा भेटेरिनरी औषधीहरु तथा अन्य सामग्रीहरु के कति मात्रामा खरिद भए सो सम्बन्धी समिक्षा गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीको मर्म अनुसार सामग्रीहरु खरिद भए नभएको एकिन गर्न आगामी आ.व. खरिद प्रक्रियामा कसरी सुधार गर्न सकिन्छ भन्ने कुराका साथै आगामी आ.व. को बार्षिक खरिद योजना तयार गर्न आधार तयारका लागि यो बार्षिक खरिद प्रतिवेदन तयार गरिएको छ।

| क्र.सं. | विवरण | शाखा | खरिद रकम | खरिद प्रक्रिया |
|---|---|---|---|---|
| १ | बिभिन्न कम्प्युटर सोलार तथा इलेक्ट्रोनिक्स सामाग्रीहरु | कार्यालय | १६८९८३५ | कोटेसन |
| २ | मसलन्द तथा छपाइ सामाग्री | कार्यालय | ८७३३०० | कोटेसन |
| ३ | फर्निचर सामाग्री खरिद | कार्यालय | ७६२७५० | कोटेसन |
| ४ | सफ्टवयर खरिद . | कार्यालय | ९९४०० | कोटेसन |
| ५ | भेटरिनरी औषधी खरिद | कार्यालय | | कोटेसन |
| ६ | सर्जिकल सामाग्री खरिद | कार्यालय | १३९९८५८ | कोटेसन |

सबल पक्षः

- समग्रमा धेरै जसो खरिदहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको मर्म तथा भावना एवं निर्देशन भित्र खरिद भएको।
- गंगादेव गाउँपालिकाको बार्षिक स्वीकृत खरिद कार्यक्रमको तुलनामा कम मात्रामा खरिद भउको।
- बजेट शिर्षक अनुसार नै खरिद भएको।
-

**सुधार गर्नु पर्ने पक्षः**

- कार्यालयको बार्षिक खरिद योजना तथा गुरु योजना नभएको कारण विषयगत शाखाका खरिद कार्य अन्तिम चौमासिक तथा अन्तिम जेष्ठ तथा असाढको महिना खरिद हुदाँ कार्यालयलाई अन्तिम महिना भुक्तानिमा धेरै चाप बढ्ने तथा खरिद ऐन तथा नियमावलीको मर्म तथा खरिद अनुसारको सिमा भन्दा केही बाहिर गएको देखिन्छ त्यसैले आगामी आ.व.मा कार्यलयको बार्षिक खरिद योजना अनिवार्य रुपमा बनाउनु पर्ने देखिन्छ।

**निश्कर्षः**

गंगादेव गाउँपालिकाको आ.व. २०८०/०८१ को बार्षिक खरिद कार्यलाई समग्रमा भन्नु पर्दा सन्तोषजनक नै देखिन्छ। पालिकाको बार्षिक खरिद योजना नहुदा कार्यालयका खरिद कार्य धेरै अन्तिम चदमासिकमा भएको देखिन्छ। खरिद कार्य अन्तिम चौमासिकमा भएतापनि सार्वजनिक खरिद ऐन नियमावलीको मर्म भावन तथा अधिनमा रहि खरिद भएको देखिन्छ। खरिद प्रकृयामा केही सुधार गर्नु पर्ने पक्षे देखिन्छ किन भने साना साना टुक्रे खरिद धेरै भएको देखिन्छ जुन कुरालाई न्युनिकरण एकदमै आवश्यक रहेको छ। गंगादेव गाउँपालिकाले आगामी आ.व. खरिद कार्य संचालन अगावै बार्षिक खरिद योजना अनिवार्य रुपमा बनाउनु पर्ने देखिन्छ।

प्रतिवेदकः

पवन कुमार पुन जिन्सी शाखा प्रमुख

प्रेम खत्री लेखा प्रमुख

पवन कुमार पुन
जिन्सी शाखा प्रमुख

गंगादेव गाउँपालिका
गाउँपालिकाको कार्यालय